पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, चैत्र २७ गते, २०८२ साल (संख्या १९

## भाग १

## पोखरा महानगरपालिका

## फोहरमैला व्यवस्थापन ऐन, २०८२

**प्रस्तावनाः** पोखरा महानगरपालिकामा नियमित उत्सर्जन हुने फोहरमैला श्रोतमा नै न्यूनीकरणतथा वर्गीकरण गरी संकलन केन्द्रमा स्थानान्तरण गरे पश्चात पुनःवर्गीकरण, पुनःप्रयोग, पुनःचक्रण, पुनःउपयोग गरी त्यसबाट उर्जा वा अन्य स्रोतमा रुपान्तरण गर्ने प्रक्रियालाई एकीकृत फोहरमैला व्यवस्थापन गर्न वातावरण मैत्री प्रविधिको प्रयोग मार्फत प्रशोधन एवं सुरक्षित विसर्जन मार्फत फोहरमैलाजन्य वस्तुका कारणले मानवीय तथा वातावणीय स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गरी रोजगारी सृजना गर्दै फोहरमैलालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "पोखरा महानगरपालिका फोहरमैला व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा सूचना प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "**महानगरपालिका**" भन्नाले पोखरा महानगरलाई सम्झनु पर्छ।

(ख) "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "**प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(घ) "**उपप्रमुख**" भन्नाले पोखरा महानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले पोखरा महानगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ।

(च) "**मन्त्रालय**" भन्नाले संघीय तथा गण्डकी प्रदेश अन्तर्गतका सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(छ) "**समिति**" भन्नाले नगर स्तरिय र वडा स्तरिय फोहोरमैला ब्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ज) "**वडा**" भन्नाले पोखरा महानगरपालिकाको वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

(झ) "**सामुदायिक संस्था**" भन्नाले टोल विकास संस्था, उपभोक्ता समूह, महिला समूह, युवा क्लब र गैरसरकारी संस्था र यस्तै प्रकृतिका अन्य संस्था समेतलाई सम्झनु पर्छ।

(ञ) "**फोहरमैला**" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने ठोस, तरल, ग्यास, धुवा, धुलो, विद्युतीय वा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्ता प्रकारका अन्य वस्तुहरु, घरधुरी, शैक्षिक सँस्था, व्यवसायिक भवन, औद्योगिक, स्वास्थ्यजन्य, निर्माणजन्य वा विपद्जन्य फोहरमैला र सार्वजनिक स्थलमा फालिएका वा अनधिकृत तवरले सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट, व्यानर, र फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्र स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ र स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिएका वस्तुलाई समेत सम्झनु पर्छ।

(ट) "**फोहरमैला व्यवस्थापन**" भन्नाले नियमित उत्पादन हुने फोहरलाई स्वास्थ्य तथा वातावरण प्रतिकूल असर नपर्ने गरी फोहर वर्गीकरण, संकलन, ढुवानी, प्रशोधन तथा बिर्सजन गर्ने कार्य तथा पुनःप्रयोग, पुनःचक्रण, पुनःउपयोग हुने वस्तुहरुको उद्यम एवम

व्यवसाय समेतलाई सम्झनु पर्छ।

(ठ) "**फोहर संकलन केन्द्र**" भन्नाले घर घरबाट निस्कने फोहरमैला निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न महानगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ।

(ड) "**निष्कासन**" भन्नाले फोहरमैला उत्पादन स्थलबाट महानगरपालिकाले वा महानग पालिकाले जिम्मेवारी दिएको संस्थाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्यलाई सम्झनुपर्छ।

(ढ) "**सामुदायिक संकलन केन्द्र**" भन्नाले समुदाय (घर वा अन्य स्थल)बाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न सम्बन्धित वडा तथा महानगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ।

(ण) "**स्थानान्तरण केन्द्र**" भन्नाले संकलन केन्द्रबाट वर्गीकरण गरिएका सामाग्रीहरुलाई पुन प्रयोग, प्रशोधन वा विसर्जन गर्नु पूर्व अस्थायी रुपमा राखिने स्थल (ट्रान्सफर स्टेशन) लाई सम्झनु पर्छ।

(त) "**डष्टबिन**" भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा कुहिने, नकुहिने वर्गीकरण गरी राखिएको फोहरमैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ।

(थ) "**औद्योगिक प्रतिष्ठान**" भन्नाले कुनै उद्योग, ब्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकायु सम्झनु पर्छ।

(द) "**औद्योगिक फोहरमैला**" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने फोहरमैलालाई सम्झनु पर्छ।

(ध) "विशेष प्रकारको फोहरमैला" भन्नाले मानव तथा पर्यावरणमा प्रतिकुल प्रभाव पार्ने औद्योगिक प्रतिष्ठान, स्वास्थ्य संस्था वा अन्य कुनै स्थलबाट निस्किने फोहरमैलालाई सम्झनुपर्छ।

(न) "**हानिकारक फोहरमैला**" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पूर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ।

(प) "**स्वास्थ्यजन्य फोहरमैला**" भन्नाले स्वास्थ्य सेवामा संलग्न संस्थाहरु बाट निष्कासन हुने फोहरमैला म्याद नाघेका औषधीहरु, सिरिन्ज, निडल, पञ्जा , मास्क रगतका पोका, ब्यान्डेज तथा अन्य स्वास्थजन्य औजारहरु समेतलाई सम्झनु पर्छ।

(फ) "**निर्माणजन्य तथा विपदजन्य फोहरमैला**" भन्नाले भौतिक संरचना निर्माण गर्दा बाँकी भएका, प्रयोग नहुने सामाग्री र प्राकृतिक प्रकोप वा मानवीय कारणबाट भत्केका वा भत्काइएका भौतिक संरचनाबाट निस्किने सामाग्री सम्झनु पर्छ।

(ब) "**रासायनिक फोहरमैला**" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका वस्तु समेतलाई सम्झनु पर्छ ।

(भ) "**विद्युतीय फोहरमैला (ई–वेष्ट)**" भन्नाले काम नलाग्ने उपयोग गर्न नसकिने भनि फालिएका विद्युतिय वा इलेक्ट्रोनिक उत्पादनहरु ब्याट्रि वा प्लग, मोवाइल, टेलिभिजन, भिसिआर, स्टेरियो,फ्याक्स मेसिनहरुका साथै पारा क्याडमियम बेरिलियम, सिसा र ब्रोमिनेटेड जस्ता फोहरमैला भन्ने सम्झनु पर्छ ।

(म) "**जैविक फोहर**" जैविक भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले जैविक वस्तु प्रयोग गरी बनाइएका कागज, काठ समेतलाई जनाउनेछ ।

(य) "**अजैविक फोहर**" अजैविक भन्नाले छिट्टै सडिगली नजाने वा नकुहिने बस्तु सम्झनु पर्छ ।

(र) "**पुनःउपयोग तथा पुनःचक्रण फोहर**" भन्नाले फोहरलाई स्वरुप परिवर्तन नगरी कच्चा पदार्थको रुपमा प्रयोग गरी नयाँ कामको लागि प्रयोग गरिने फोहरलाई पुनःउपयोग फोहर भनिन्छ भने प्रशोधन गरी पुन कच्चा पदार्थको रुपमा प्रयोग गरी पुन उत्पादन गर्न मिल्ने फोहर लाई पुनःचक्रण फोहर जनाउनेछ ।

(ल) "**ल्याण्डफिल फोहर**" भन्नाले प्रशोधन गर्न नसकिने ल्याण्डफिल साईटमा सुरक्षित तव वाट व्यवस्थापन गर्न पर्ने फोहरलाई सम्झनु पर्छ ।

(व) "**फोहर प्रशोधन**" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल,ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन (पुनः चक्रण)गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(स) "**पुनःचक्रिय तथा पुनःउपयोग प्रविधि**" भन्नाले उत्पादित फोहरलाई संकलन पश्चात वर्गीकरण गरी, अलग अलग तरिकाबाट मेशिनहरुको प्रयोग गरि वस्तुको आकार नै परिवर्तन हुने गरी पुनः चक्रण मार्फत पुनः नयाँ सामानहरु उत्पादन तथा बिक्रि वितरण गर्न जसलाई पुनः चक्रण (रिसाईक्लिङ्ग) सम्झनु पर्छ । सो शब्दले फोहरको रुपमा संकलित वस्तुहरुको स्वरुप पुरै परिवर्तन नगरिकन त्यसको उपयोगिताको लागि पुनः अर्को कामको लागि उपयोग गर्ने (अपसाईक्लिङ्ग) जस्ता कार्य समेतलाई सम्झनुपर्छ ।

(ष) "**अन्तिम विसर्जन**" भन्नाले फोहरमैलालाई अन्तिम पटक निश्कासन तथा व्यवस्थापन (स्यानिटरी ल्याण्डफिल साइट)मा लगि सुरक्षित तवरले राख्ने कार्यलाई सम्झनु पर्छ ।

(श) "**स्यानिटरी ल्यान्डफिल साइट**" भन्नाले फोहरलाई व्यवस्थित तरिकाले प्रविधियुक्त विधि प्रयोग गरी सुरक्षित तवरले जमिन मुनी समेत रसायनिक समिश्रणमा प्रदुषण नहुने

गरी नियन्त्रित तरिकाले भण्डारण गर्ने तथा विसर्जन गर्ने स्थललाई सम्झनु पर्छ ।

(ह) "**फोहर प्रशोधन केन्द्र**" भन्नाले संकलित फोहर प्रशोधन गर्न तोकिएको स्थानलाई सम्झनुपर्छ ।

(क्ष) "**फोहर ढुवानी**" भन्नाले फोहरमैलालाई उत्पादन स्थलबाट संकलन गरी पुनःप्रयोग, पुनःचक्रण, पुनःउपयोग, प्रशोधन वा विसर्जन स्थान सम्म लैजाने कार्यहरु सम्झनुपर्छ ।

(त्र) "**फोहरमैला संकलन तथा ढुवानी साधन**" भन्नाले फोहरमैला संकलन तथा ढुवानी गर्न प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(ज्ञ) "**सेवा शुल्क**" भन्नाले फोहर संकलन तथा व्यवस्थापन गरे वापत प्राप्त गर्ने शुल्क सम्झनु पर्छ ।

(अ) "**फोहर उत्पादन इकाई**" भन्नाले फोहर उत्पादन हुने स्थानहरु  निजी आवास, पसल, रष्टुरेन्ट, होटल, कार्यालयहरु, उद्योगहरु, मठ मन्दिर समेतका स्थल सम्झनु पर्छ ।

(आ) "**तोकिएको वा तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## फोहरमैला व्यवस्थापन सम्बन्धी मार्गदर्शन

३. **फोहरमैला तथा फोहरजन्य वस्तु व्यवस्थापनका मार्गदर्शन :** (१) शहरी सरसफाईको कामलाई मानवीय सभ्यताको अपरिहार्यताको रुपमा प्राथमिकता लिँदै यसमा नागरिक, समुदाय, निजी संस्था तथा सरकारी निकायको निरन्तर सहकार्यलाई अभिवृद्धि गर्ने,

(२) दिगो विकास, जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने,

(३) मानवीय स्वास्थ्य तथा पर्यावरणमा पर्ने प्रतिकूल प्रभावलाई कम गर्ने,

(४) एकल प्रयोग हुने प्लाष्टिकजन्य वस्तुहरुको (सिंगल युज प्लाष्टिक) उत्पादन, प्रयोग, ओसारपसार र भण्डारणलाई निरुत्साहित गर्दै क्रमशः निषेध गर्ने, सबै प्रकारका फोहरमैला तथा फोहरजन्य वस्तुलाई श्रोतमा नै न्यूनिकरण गर्ने, पुनःप्रयोग, पुनः उपयोग, पुनःचक्रण, वातावरण प्रतिकुल प्रभाव नपर्ने गरी फोहरलाई प्रशोधन गर्ने र सुरक्षित विसर्जन गर्ने कार्यलाई प्रवर्द्धन गर्दै आय आर्जनको रुपमा विकास गर्ने ।

(५) फोहरमैला व्यवस्थापनमा नविनतम र प्रमाणित प्रविधिहरुको प्रयोग गर्ने, सावर्जनिक निजी साझेदारी लगायत राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा स्थापित सिद्धान्त तथा सिकाईहरुको अनुशरण तथा प्रयोग गर्ने,

(६) शहरी सरसफाई सम्बन्धमा भइरहेका असल अभ्यासलाई संस्थागत गर्दै दिगो रुपमा थप प्रभावकारी बनाउने ।

(७) फोहरमैला व्यवस्थापन गर्दा शहरमा रहेका विभिन्न साझेदार संघसंस्थाहरु, कम्पनी, टोल विकास संस्था लगायतले गरेका प्रयासहरुको तथ्याङ्क डिजिटल डाटाबेस निर्माण गरी अध्यावधिक गर्ने।

(८) घरेलु फोहरमैला व्यवस्थापनका लागि स्थानीय तह र हानिकारक, रासायनिक, औधोगीक, स्वास्थजन्य तथा विद्युतिय (ई-वेष्ट) फोहरमैला व्यवस्थापनका लागि सम्बन्धित उत्पादक व्यक्ति वा निकायहरुलाई जिम्मेवार बनाउने।

(९) फोहरमैला व्यवस्थापनमा लैङ्गीक समानता तथा समावेशिकरणलाई प्राथमिकता दिने।

(१०) महानगरले नवप्रवर्तन तथा सर्कुलर इकाइको स्थापना गरी नवप्रवर्तन प्रविधि मार्फत शुन्य फोहोर उन्मुख विकासमा सहयोग पुऱ्याउने।

४. **फोहरमैला व्यवस्थापनमा महानगरको जिम्मेवारी** : (१) फोहरमैला व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी महानगरको हुनेछ।

(२) महानगरले फोहरमैलाको श्रोतमै वर्गीकरण, संकलन, पुन वर्गीकरण, स्थानान्तरण, प्रशोधन तथा सुरक्षित विसर्जनका लागि आवश्यक पर्ने पूर्वाधारहरुको निर्माण तथा सञ्चालन गर्नेछ।

(३) फोहरमा हुने हानिकारक, रासायनिक, स्वास्थ्यजन्य, औद्योगिक, विद्युतीय(ई-वेष्ट) जस्ता विशेष प्रकारका वस्तुहरुको निष्काशन, प्रशोधन र व्यवस्थापन गर्ने कार्यका लागि महानगरले फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्व र पालन गर्नुपर्ने शर्तहरु निर्धारण गरी मापदण्ड जारी गर्नेछ।

(४) उपदफा (३) मा उल्लेखित फोहरमैला उत्पादकहरुले महानगरले तोकेको सेवाशर्त बमोजिम महानगरकै स्वामित्वमा रहेको भौतिक संरचनाको प्रयोग गरी फोहर व्यवस्थापन गर्नेछ।

(५) वातावरणमा असर गर्ने प्लाष्टिकजन्य फोहरमैलालाई संकलन गरी प्रशोधनका माध्यमबाट उत्पादनमुलक कार्य गर्ने संघ सस्था तथा उद्योगहरुसंग महानगरले समन्वय गरी आवश्यक सहयोग र प्रोत्साहनका मापदण्डहरु निर्धारण गर्नेछ।

(६) स्वास्थ्यजन्य फोहरमैलाको हकमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभाग मार्फत जारी गरिएको स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन कार्यविधिको पालना गरी सम्बन्धित स्वास्थ्य संस्था वा महानगरले तोकेको संस्था वा प्राविधिकहरुको संलग्नतामा वातावरण मैत्री प्रविधिको प्रयोग गरी संक्रमित फोहरमैलाको व्यवस्थापन गर्नु पर्नेछ।

(७) फोहरमैलाको व्यवस्थापन (पुनःप्रयोग, पुनःउपयोग, पुनःचक्रण वा पुनः प्राप्ति)को कार्य गर्न स्थापना भएका उद्योग व्यापार वा व्यवसाय स्थापना, सञ्चालन तथा व्यवस्थापनमा महानगरले आवश्यक छुट सुविधा वा सहुलियत दिई प्रोत्साहन गर्नेछ।

## परिच्छेद – ३

## फोहरमैला उत्पादन,संकलन, निष्कासन, न्युनीकरण तथा प्रदुषण नियन्त्रण

५. **फोहरमैला उत्पादन तथा न्यूनीकरण सम्बन्धी व्यवस्था :** (१) प्रत्येक ब्यक्ति, संस्था वा निकायले आफ्नो घर वा कार्यालय कम्पाउण्ड वा सार्वजनिक स्थान प्रयोग गर्दा सो स्थलमा यथासक्य कम फोहरमैला उत्पादन गर्नुपर्नेछ।

(२) प्रत्येक व्यवसायी, ब्यक्ति, संस्था वा निकायले स्रोतमै फोहरलाई न्युनिकरण गर्न कम्पोष्ट, उर्जा, ग्यास वा कच्चा पदार्थको रुपमा प्रयोगमा ल्याउनु पर्नेछ।

(३) महानगरले उपदफा (१) र (२) बमोजिम कार्य गर्न सबैलाई अभिप्रेरित र सहयोग गर्नु पर्नेछ।

(४) साधारण फोहरमैला उत्पादन गर्ने व्यवसायी, ब्यक्ति, संस्था वा निकायले तोकेको समय, स्थान र तरिका बमोजिम मात्र निष्काशन गर्नेछन्।

(५) हानीकारक फोहरमैलालाई साधारण फोहरमैला निष्काशन गर्ने स्थल वा संकलन केन्द्रमा निष्काशन गर्न वा फ्याँक्न पाइनेछैन। हानीकारक फोहरमैलालाई व्यवस्थापन गर्न फोहरको प्रकृतिका आधारमा महानगरले छुट्टै व्यवस्था गर्नेछ।

(६) महानगरले फोहरमैला स्रोतमै न्युनिकरणका लागि विभिन्न पहलकदमी एवं आवश्यक कार्यहरु सञ्चालन गर्ने र न्युन परिमाणमा फोहर उत्पादन गर्न प्रोत्साहन गर्नेछ।

(७) महानगरले फोहरलाई स्रोतमै न्युनिकरणका लागि एकल प्रयोग हुने वस्तुहरु बजारमा बिक्री वितरण गर्न, उत्पादन गर्न, ओसारसिार गर्न र भण्डारण गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

(८) महानगरले टोल, वस्ती र वडामा फोहर न्युनिकरण गर्ने जनचेतना मुलक कार्यक्रमहरु, स्रोतमै पुनःप्रयोग गर्ने र सफा सुरक्षित तरिकाले संकलन गर्ने तालिम, गोष्ठीहरु सञ्चालन गर्नसक्नेछ।

(९) महानगरले आफनो क्षेत्रधिकार भित्र संचालित उद्यम व्यवसायहरुको पहिचान गरी त्यस्ता उद्यमहरुले वातावरण प्रदुषण न्यूनीकरण गर्न योगदान पुऱ्याएको आधारमा उपकरण सामाग्रीहरुमा सहुलियत दिन सक्नेछ।

६. **फोहरमैला वर्गीकरण सम्बन्धी व्यवस्था :** (१) महानगरले फोहरमैलालाई जैविक वा अजैविक वा कुहिने, पुनःउपयोग/पुनःचक्रण वा ल्याण्डफिल गरी स्रोतमानै वर्गीकरण गर्न सूचना जारी गरी फोहरको किसिम र स्रोत अनुसार  विद्युतिय, स्वास्थजन्य, हानीकारक, रसायनिक, औद्योगिक, निर्माणजन्य वा विपदजन्य लगायतका आधारमा फोहर वर्गीकरण गर्ने व्यवस्था गर्नेछ।

(२) फोहरमैला उत्पादन गर्ने व्यवसायी, ब्यक्ति, संस्था वा निकायले उपदफा (१) बमोजिम

महानगरले जारी गरेको सूचना बमोजिम श्रोतमै वर्गीकरण गरेर फोहरमैला निष्कासन गर्नुपर्नेछ।

(३) फोहरमैलाको वर्गीकरण गरी सुरक्षित रुपमा फोहर वोक्ने साधनमा राख्ने काम प्रत्येक व्यवसायी, ब्यक्ति, संस्था वा निकायको कर्तब्य हुनेछ।

(४) फोहरलाई वर्गीकरण गर्ने प्रकृयामा काम गर्ने व्यक्तिको पेशागत सुरक्षा र स्वास्थ्यको मापदण्ड महानगरले तोकेबमोजिम हुनेछ र त्यसको पालना महानगर कर्मचारी वा फोहरमा कार्यरत निजी संस्थाहरु सबैले गर्नुपर्नेछ।

(५) ठुलो परिणाममा साधारण फोहोर निष्काशन गर्ने व्यवसायी, व्यक्ति, संस्था वा निकायले महानगरले तोकेका शर्तमा सिधै फोहर प्रशोधन केन्द्र वा ल्याण्डफिल साईटमा स्थानान्तरण गर्न सक्नेछन्। यसरी प्रशोधन केन्द्रमा ल्याइएको फोहर वर्गीकरण गरि ल्याइएको भए न्यूनतम र नगरी ल्याएको भए फोहरको तौलको मापन गरी सो बमोजिमको शुल्क बुझाउनुपर्नेछ।

(६) महानगरले स्रोतमै वर्गीकृत फोहर बुझाउने घरधुरी वा व्यवसायलाई मासिक सेवा शुल्कमा छुट, हरित अंक प्रणाली वा महानगरका सेवामा प्राथमिकता दिने कार्यको प्रयोग गर्न सक्नेछ।

७. **फोहरमैला संकलन गर्ने** : (१) महानगरले श्रोतबाट नियमित रुपमा उत्पादन हुने घरेलु फोहर वर्गीकरण गरी आफैले वा तोकिएको निजी तथा सामाजिक संस्था मार्फत संकलन गर्नेछ।

(२) महानगरले प्रभावकारी ढंगबाट फोहर संकलन गर्न भौगोलिक अवस्था,बस्ती तथा जनसंख्याको आधारमा आवश्यकता अनुसार विभिन्न फोहरमैला संकलन विधिहरु अपनाउन सक्नेछ

(३) महानगरले स्रोतमै वर्गीकरण भएको फोहरलाई नमिसाई अलगै संकलन गर्नु पर्नेछ।

(४) महानगरले पुनःउपयोग, पुनः प्रयोग, पुनःचक्रण वा पुनःप्राप्ति गर्न सकिने फोहर वा स्रोतको रुपमा प्रयोग गर्न सकिने फोहरलाई आफैले वा तोकिएको निजी तथा सामाजिक संस्था मार्फत छुट्टै संकलन गर्न सक्नेछ।

(५) महानगरको विभिन्न सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार सुरक्षित रुपमा फोहर संकलन गर्नको लागि डष्टबिनहरुको व्यवस्था गर्नु पर्नेछ।

(६) बाटोमा नखस्ने र दुर्गन्ध नहुने गरी, उचित सुरक्षाका साथ फोहर संकलन तथा ढुवानी गर्नु पर्नेछ।

८. **फोहर संकलन तथा श्रोत केन्द्र, उद्यमहरु सञ्चालन गर्ने** : (१) फोहरमैलालाई ब्यवस्थित रुपमा संकलन गर्न आवश्यकता अनुसार टोल, वस्ती वा वडामा संकलन केन्द्र स्थापना र सञ्चालन गरी महानगरले आफै वा तोकिएको निजी, सामाजिक वा टोल विकास संस्था मार्फत फोहरमैला संकलन केन्द्र, वर्गीकरण तथा आवश्यक प्रशोधन केन्द्रको स्थापना गरि

सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संकलन केन्द्र सकेसम्म टोल वा बस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थानमा स्थापना गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम संकलन केन्द्र स्थापना गर्दा जैविक वा अजैविक, प्लाष्टिकजन्य, विद्युतीय, शिशा, धातु तथा तोकिएको अन्य प्रकृतिको फोहरमैलाका निमित्त अलग अलग संकलन गरी राख्ने व्यवस्था श्रोत केन्द्रमा गरिनेछ ।

९. **फोहर संकलनको समय तोक्ने :** (१) महानगरमा नियमित उत्पादन हुने फोहरमैलालाई ब्यवस्थित रुपमा टोल, वस्ती वा वडामा संकलन गर्ने निश्चित समयतालिका तोकी समय सान्दर्भिक र प्रभावकारी माध्यम तथा प्रविधिको प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय तोक्दा जैविक तथा अजैविक फोहर संकलनका लागि छुट्टा छुट्टै समयतालिका तोक्न सक्नेछ ।

१०. **फोहरमैलाको ढुवानी सम्बन्धी व्यवस्था :** (१) फोहरमैला संकलन केन्द्र वा सिधै श्रोतबाटै संकलन गरि प्रशोधन गर्ने स्थलसम्म ढुवानी गर्ने दायित्व महानगरपालकिा वा महानगरले जिम्मेवारी दिईएको निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको गुणस्तरयुक्त ढुवानी साधनको प्रयोग गर्नुपर्नेछ । यस्तो साधन तोक्दा तौल, क्षमता, संकलन गर्ने तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी संचालन गर्न दिनु पर्नेछ ।

(३) फोहरमैला ढुवानी गर्दा महानगरको दफा ६ बमोजिम वर्गीकरण गरिएको फोहरमैलाको फेरि मिसावट नहुने गरि अलग-अलग ढुवानी गर्ने व्यवस्था महानगरले मिलाउनु पर्नेछ ।

(४) स्रोत वा कच्चा पदार्थको रुपमा प्रयोग गर्न सकिने फोहरहरुलाई संकलन केन्द्रहरुबाट सिधै सम्बन्धित प्रतष्ठिान सम्म उद्योग आफैले ढुवानी गर्नु पर्नेछ ।

(५) निश्चित रुपमा तोकिएको सावर्जनिक स्थलमा फोहरमैला लैजान वा ढुवानी गर्न पाइने छैन । यसको लागि महानगरले शर्तहरु तोक्नेछ र ती वस्तुहरुको महानगरले तोकेको शर्तमा उपलब्ध गराईएको सुरक्षित ल्याण्डफील साईट/ फोहरमैला प्रशोधन केन्द्र मा बिसर्जन गर्नुपर्नेछ ।

११. **फोहरमैला व्यवस्थापनमा हुने प्रदुषण नियन्त्रण गर्ने:**

(१) महानगर क्षेत्रभित्र स्थापित फोहर उत्पादन ईकाईहरुबाट संकलित फोहरबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले प्रशोधन तथा व्यवस्थापन गर्ने दायित्व महानगरको हुनेछ । महानगरले जिम्मेवारी दिईएको संस्था, कम्पनीले प्रशोधन गर्ने गरेको अवस्थामा पनि महानगरले नियमित अनुगमन/नियमन गर्ने र सोहि तरिकाले व्यवस्थापन गर्न लगाउने दायित्व महानगरकै रहनेछ ।

(२) संकलित फोहरमैला निष्कासन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्डको पालना गर्नुपर्नेछ।

(३) महानगर क्षेत्र भित्र रहेका व्यवसाय, घर, बजार, संस्था, सार्वजनिक स्थलहरुमा धुँवा र वातावरण प्रदूषण हुने गरी फोहर जलाउन पाइने छैन।

(४) फोहर उत्पादक स्वयंलाई फोहर व्यवस्थापनका लागि जिम्मेवार बनाउन एक्स्टेन्डेड प्रोड्युर्सस रेस्पोन्सिविलिटी को छुट्टै नियम बनाउन सक्नेछ।

(५) फोहर संकलन देखि अन्तिम विसर्जन स्थलसम्मको डिजिटल वेष्ट ट्रयाकिङ्ग प्रणाली लागू गरी पारदर्शिता, निगरानी र मुल्याङ्कनको व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद – ४
## विशेष र हानीकारक फोहरमैलाको व्यवस्थापन

१२. **विशेष र हानिकारक फोहरमैला उत्पादनको तथ्याक्त** : (१) महानगरले आफ्नो क्षेत्रमा प्रयोग भइरहेका प्रशोधन गर्न कठिन खालका विशेष प्रकारका हानिकारक वस्तु र औद्योगिक कार्यबाट उत्सर्जन हुने हानिकारक ठोस , तरल वा विषम बायु उर्त्सजन हुने खालको फोहरमैलाको तथ्याङ्क संङ्कलन गरी अध्याबधिक गर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगत निर्माण गर्न महानगरले संघीय तथा प्रादेशिक सरकार तथा सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहयोग लिन सक्नेछ।

(३) महानगर क्षेत्र भित्र विशेष र हानिकारक वस्तुहरुको प्रयोग र हानिकारक फोहरमैला उत्सर्जन गर्ने निजी कम्पनी, संस्था वा सरकारी संस्थाले महानगरसँग फोहरमैलाका वातावरणमैत्री र परिस्थतीजन्य प्रणाली अनुकूल व्यवस्थापन गर्न मापदण्ड बनाई आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ।

१३. **रासायनिक र विषादीजन्य फोहर व्यवस्थापन** : (१) महानगर क्षेत्रभित्र रासायनिक, विषादीहरुको आयात, बिक्रि वितरण, भण्डारण र ओसारपसार तथा प्रयोग गर्दा तोकिए एवं निश्चित गरेको मापदण्ड बमोजिम गर्नेछ।

(२) महानगरले उपदफा (१) बमोजिमका कार्यको विवरण राख्नेछ।

(३) कुनै पनि रासायनिक र विषादीहरुको प्रयोग तोकिएको मापदण्डको अधीनमा रही गर्नुपर्ने र सोको नष्ट गर्ने जिम्मेवारी पनि सम्बन्धित ब्यक्ति वा संस्थाको नै हुनेछ।

(४) रासायनिक र विषदीजन्य वस्तुहरु नष्ट गर्दा सवैभन्दा उत्तम विधिको प्रयोग गर्नुपर्नेछ। त्यसको पूर्वजानकारी महानगरलाई दिई नष्ट गरिसके पश्चात प्रतिवेदन बुझाउनु पर्नेछ।

(५) अत्याधिक समिश्रणयुक्त रसायन तथा विषादिहरुको प्रयोग एवं नष्ट गर्दा हुने स्वास्थ्य तथा वातावरण प्रदुषणको जिम्मेवारी स्वयंले नै लिनुपर्ने र त्यसको असरको महानगरले

नियमन गरी आवश्यक क्षतिपुर्ति दिन भराउनु पर्नेछ।

१४. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन :** (१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पूर्व ठोस तथा तरल फोहरमैलाको समुचित व्यवस्थापनको सुनिश्चितता गरेर मात्र अनुमति दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष शर्त वा कायम गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ। यसको लागि संघीय तथा प्रदेश अन्तर्गतका नीति नियम, प्रचलित स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन सम्बन्धी कानून र कार्यविधिको पालना गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि महानगरले सरकारी, सामुदायिक, अर्धसरकारी निजी, अस्पताल तथा क्लिनिकहरु लगायतका स्वास्थ्य संस्थाहरुसँग साझेदारी गरी नगर क्षेत्र भित्र एक वा एकभन्दा बढी एकीकृत स्वास्थ्य संस्थाजन्य फोहरमैला ब्यवस्थापन केन्द्र संञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष सर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

१५. **झोलिय/तरल फोहरमैलाको ब्यवस्थापन :** (१) महानगर क्षेत्रभित्र रहेका सार्वजनिक ढलमा कुनै किसिमको हानिकारक, रासायनिक, विषालु तथा सार्वजनिक स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने झोलीय/तरल पदार्थ छाड्नु/फ्याक्न पाइनेछैन।

(२) हानिकारक नभएपनि उच्च तापमानको तरल पदार्थलाई सिधै ढलमा छाड्न पाइनेछैन। त्यसलाई सेलाउने व्यवस्था गरेर मात्र ढलमा मिसाउन पर्नेछ।

(३) कुनै औद्योगिक प्रतिष्ठानबाट उपदफा (१) बमोजिमको हानिकारक झोलिय पदार्थ निष्काशित हुने भएमा उपलब्धताको आधारमा त्यसको सबैभन्दा उत्तम विधिको प्रयोग गरी, प्रशोधन प्लान्ट स्थापना गरी उपचार गरी वातावरणमा प्रतिकुल प्रभाव नपर्ने भएमा मात्र निष्काशित गर्नुपर्नेछ।

(४) वातावरणमा प्रतिकुल प्रभाव पर्ने तरल/झोलिय फोहरलाई आफ्नो कम्पाउण्ड भित्र सुरक्षित राखी महानगरको अन्तिम विसर्जन केन्द्रमा सुरक्षित रुपमा स्थानान्तरण गरी वा अन्य सुरक्षित उपाय अवलम्बन गरेर मात्र फोहर व्यवस्थापन गर्नुपर्नेछ। यसरी कार्यान्वयन गर्दा महानगरको निरीक्षण टोलीलाई अबलम्बन गरेको प्रयासहरु र प्रतिवेदन दिनु पर्नेछ।

१६. **विद्युतिय फोहर/ई-वेष्टको व्यवस्थापन :** (१) महानगरले आफ्नो क्षेत्रमा फालिएका विद्युतिय वा इलेक्ट्रोनिक उत्पादनहरु लगायत यस्तै प्रकृतिका अन्य फोहरहरुको अभिलेख राखि तथ्यांक अध्यावधिक गर्नेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएका फोहरहरु बाट वातावरणमा प्रतिकुल प्रभाव

पार्ने विद्युतिय वा इलेक्ट्रोनिक उत्पादनहरुलाई आफ्नो कम्पाउण्ड भित्र सुरक्षित राखी महानगरको अन्तिम विसर्जन केन्द्रमा सुरक्षित रुपमा स्थानान्तरण गरी वा अन्य सुरक्षित उपाय अवलम्बन गरेर मात्र फोहोर व्यवस्थापन गर्नुपर्नेछ।

(३) महानगरले विद्युतिय/ई-वेष्ट उत्सर्जन गर्ने व्यवसायी, व्यक्ति वा कम्पनीलाई उत्पादन र व्यवसायको जिम्मेवारी/ उत्तरदायित्व निभाउने (एक्स्टेन्डेड प्रोड्युसर रेस्पोन्सिविलिटी) नीति अनुसार कार्यान्वयन गर्नेछ।

१७ **विपद्जन्य फोहर व्यवस्थापन :** (१) विपद्का कारण निस्कने फोहर व्यवस्थापनको लागि महानगरले आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित फोहर व्यवस्थापनको लागि पोखरा महानगरले नेपाल सर कार, प्रदेश सरकार वा अन्य निकायसँग आवश्यक प्राविधिक वा अन्य सहयोग लिन सक्नेछ।

## परिच्छेद-५
## फोहरमैला प्रशोधन तथा विसर्जन कार्यको व्यवस्थापन

१८. **प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन :** (१) वर्गिकरण गरिएको सामाग्रीलाई प्रशोधन गर्नका निमित्त महानगरले प्रशोधन केन्द्र स्थापना र सञ्चालन गर्नेछ। उक्त कार्यकालागि आवश्यकता अनुसार नीजि संस्थालाई आवश्यक शर्तहरु तोकी अनुमति दिन सक्नेछ।

(२) पुनःउपयोग, पुनःचक्रण गर्न सकिने फोहर वा अन्य फोहरहरुलाई प्रशोधन गर्न, प्रशोधन स्थल वा प्रदर्शनी स्थलको व्यवस्था गर्न सक्नेछ।

(३) तरल फोहोर (दिशाजन्य लेदो, आदि) लाई व्यवस्थित गर्नको निमित्त, उर्जा (बायोमिथे नेसन गरी) मा रुपान्तरण गर्नको लागि महानगर आफैले योजना बनाई कार्यान्वयन गर्न सक्नेछ वा कुनै योग्य निजी कम्पनीलाई छनौट गरी जिम्मा लगाउन सक्नेछ।

(४) यस ऐन बमोजिम निजी वा गैरसरकारी संस्था, स्वदेशी वा विदेशी संस्थालाई प्रशोधन केन्द्र सञ्चालन गर्ने गरी वा प्रशोधनका कुनै एक कार्य गर्ने गरी सम्झौता गरी जिम्मा दिन सक्नेछ।

(५) महानगरले प्रशोधन केन्द्रको सञ्चालनपुर्व वातावरण प्रभाव मुल्यांकन गर्ने गरी मापदण्ड तोक्न सक्नेछ।

१९. **कर छुट, उपकरण तथा साधन स्रोत उपलब्ध गराउन सक्ने :** (१)घर तथा कार्यालयमा प्रांङ्गारिक वा जैविक मल बनाउन इच्छुक व्यक्ति वा संस्थालाई महानगरले आवश्यक तालिम, र शर्त पालन गर्ने गरी उपकरण तथा साधनश्रोत उपलब्ध गराउने वा कर छुटको व्यवस्था गर्न सक्नेछ।

(२) महानगरले फोहरको रुपमा निश्कासन भएका निश्चित वस्तुहरु जस्तैः प्लाष्टिक, कागज,

कपडाहरु, शिशा आदीको समुदाय स्तरमा पुनः चक्रण तथा पुनः उपयोग गर्ने खालको व्यवसायहरुको लागि प्रोत्साहन तथा व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक उपकरणहरु तथा साधनश्रोत उपलब्ध गराउने वा कर छुटको व्यवस्था गर्न सक्नेछ।

(३) महानगरले पुनःचक्रण, पुनःउपयोग वा पुनःप्राप्ति गर्ने तथा प्याकेजिङ्ग सामानलाई स्वयम पुनःप्रयोग गर्ने उद्योगलाई विषेश सुविधा साथै कर छुटको व्यवस्था गर्न सक्नेछ।

२०. **फोहरमैला प्रशोधन केन्द्रसँगको सहकार्य :** (१) महानगरले फोहरमैला प्रशोधनको उद्देश्य राखी प्रचलित कानून बमोजिम स्थापित भएका निजी, सामुदायिक, सार्वजनिक, आवश्यकता अनुसार स्वदेशी वा विदेशी संस्थाहरुको सहकार्यमा फोहर उत्पादन स्थलबाट वा संकलन केन्द्रबाट नै फोहर संकलन तथा ढुवानी गर्ने व्यवस्थापन मिलाउन सक्नेछ।

२१. **फोहरमैलाको अन्तिम विर्सजन :** (१) महानगरले फोहरमैलाको विसर्जनका निमित्त निम्न विधिहरु अवलम्बन गर्नेछ :

(२) फोहरहरु जस्तै जलाउन मिल्ने तर नियन्त्रित रुपमा गर्दा वातावरण प्रदुषण पनि नियन्त्रित हुने खालको प्रविधिहरुको प्रयोगले व्यवस्थापन गर्ने जस्तैः रिफ्युज डिराईभ फ्युल, ब्रिकेट आदि बनाउने प्रविधिको प्रयोग गरी महानगर आफै वा कुनै सक्षम तथा लगानी गरी व्यवस्थापन गर्ने निजी संस्था मार्फत स्थापना र नियमित सञ्चालन गर्न सक्नेछ।

(३) फोहरलाई पुनः प्रयोग, पुनःचक्रण, पुनःउपयोग हुनसक्ने र जैविक फोहर बाट, बायो ग्यास वा कम्पोष्ट मल उत्पादन गर्ने काम गरिसके पश्चात पनि बाँकी रहेका व्यवस्थापन गर्न कठिन फोहरहरुलाई मात्रै अधिकतम तापमानमा जलाउने प्रक्रिया जडित प्रविधि (इन्सिनिरेशन) स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(४) मानवीय र पारिस्थितिकीय प्रणालीलाई उल्लेखनीय प्रतिकुल प्रभाव नपर्ने गरी स्थापित अन्य उपयुक्त प्रक्रियालाई पनि महानगरले स्थापना र सञ्चालन गर्न गराउन सक्नेछ।

२२. **एकै स्थानमा गर्न सकिने :** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि फोहरमैला संकलन, वर्गीकरण, प्रशोधन तथा विसर्जन एकै स्थानमा गर्ने व्यवस्थाका लागि महानगरको अधिनमा फोहरमैला हेर्ने महाशाखा अन्तर्गत जिम्मेवारी दिन सक्नेछ।

२३. **फोहरमैला निषेधित तथा संवेदनशील क्षेत्र घोषणा :** (१) फोहरमैला विसर्जन स्थललाई फोहरमैला विसर्जन वाहेक अन्य कुनै प्रयोजनमा उपयोग गर्न पाइनेछैन।

(२) महानगरले फोहरमैला व्यवस्थापनका लागि स्थापना गरिएका संकलन, वर्गीकरण पृथकीकरण, प्रशोधन तथा विसर्जन स्थलहरु रहेको क्षेत्रको चार किल्ला निर्धारण गरी वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको क्षेत्रमा मानवीय आवातजावतलाई निषेध गर्न, पशुपन्छी तथा जीवजन्तुको आवागमनलाई नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्नेछ।

(४) महानगरले वातावरण संरक्षण तथा परिस्थितिजन्य संरक्षण सुरक्षण कार्यक्रम सञ्चालन

गर्नेछ ।

२४. **वातावरणीय प्रभाव मुल्याक्तन तथा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन :** (१) फोहरमैला व्यवस्थापनका क्रममा स्थापना गरिने संकलन, पृथकीकरण, स्थानान्तरण केन्द्र तथा विसर्जन स्थलको सञ्चालन पूर्व र सञ्चालित केन्द्र वा विसर्जन स्थलका हकमा यस ऐन लागू भए पश्चात एक वर्ष भित्र प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन अथवा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) महानगरले आवश्यकता अनुसार फोहरमैला व्यवस्थापनको मात्रा र सञ्चालन गर्ने अवधिको मापन गरी वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने र प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अध्ययन प्रतिवेदनमा वातावरणीय प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु मध्ये सबै भन्दा उपयुक्त उपायको आधार र कारण सहित पेश गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(४) महानगरले मानवीय तथा वातावरणीय स्वास्थ्यमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी फोहरमैला व्यवस्थापनका कुनै कार्य गर्ने छैन ।

## परिच्छेद–६

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

२५. **अनुमति सम्बन्धी व्यवस्था :** (१) यो ऐन बमोजिम महानगरको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाइने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि महानगरमा निवेदन दिनुपर्नेछ  र सो निवेदनमा निम्न कुराहरु प्रष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना तथा बजेट को विवरण

(ख) फोहरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

(ग) फोहरमैला व्यवस्थापनको लागि आवश्यक स्वास्थ्य सूरक्षण विधि तथा उपकरण र सुविधाहरुको व्यवस्था

(घ) तोकिए बमोजिमको अन्य विवरण ।

(३) महानगरको उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक निर्णय गरी अनुमति दिन सक्नेछ ।

(४) फोहरमैला व्यवस्थापन, प्रशोधन, पुनःचक्रीय, पुनः प्रयोग, पुनः उपयोग र अन्तिम विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अवस्था नदेखिएमा त्यस्तो

प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने गरी सार्वजनकि निजी साझेदारी मोडलमा उपदफा (३) बमोजिम अनुमति पत्र दिन सक्नेछ।

(५) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको कार्य गराउन सकिने :**

(१) महानगरको आवश्यकता अनुसार दफा २५ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानूनको आवश्यक प्रकृया अबलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक वा गैरसरकारी संघसंस्थाका हकमा देहायका कुनै काम गराउन सकिने छ।

(क) फोहरमैला न्युनिकरणका लागि जनचेतना अभिवृद्धि, सट्टापट्टा गर्ने कार्यक्रम,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहर प्रयोग, पुनःप्रयोग, पुनःचक्रण, पुनःउपयोग वा प्रशोधन आदी।

(ङ) अन्तिम विर्सजन र त्यसको नजिक व्यवस्थापन,

(च) फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै काम,

(३) उपदफा (२) मा उल्लेख गरिए बमोजिम कुनै पनि कार्यहरु गर्दा वा गर्न अनुमति दिदा, वरपरको वातावरण प्रदुषण, सामाजिक सुरक्षा तथा विशेष महत्वका संरचनाको संरक्षण तथा स्थानीय संस्कृतिलाई असर नपर्ने गरी मात्र गर्न लगाउनेछ।

२७. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :**

(१) महानगरको निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा तोकिएको विधि बमोजिम प्रतिस्पर्धा गराई छनौट पश्चात व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) स्थानीय तहबाट संकलन गरेको फोहरलाई आम्दानीको स्रोतको रुपमा लैजाने कार्ययोजना।

(ख) फोहरमैलाबाट उत्पादन हुने उर्जाशक्ति, प्राङ्गारिक मल तथा अन्य विशेष प्रकारको फोहरको प्रशोधन र उत्पादन आदिको उत्पादन क्षमता, लगानी गर्ने पुँजी, वातावरण मैत्री प्रविधि र जनशक्तिको स्थिति साथै त्यसको आर्थिक तथा प्राबिधिक क्षमता

(ग) फोहर व्यवस्थापन र श्रोतको लागि आर्थिक तथा प्राबिधिक क्षमता।

(घ) फोहर व्यवस्थापनमा प्रयोग गरिने प्रबिधिको दिगोपना र वातावरणीय प्रभाव न्यूनिकरण ।

(ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क ।

(च) फोहरमैलाको प्रयोग, प्रशोधन,पुनः प्रयोग,पुनःचक्रण, पुनःउपयोग गर्ने सम्बन्धमा भए महानगरलाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(छ) धरौटी रकम

(३) फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) दफा (१) बमोजिमको फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी/संस्था वा निकायले महानगरसँग गरेको सम्झौताको अधीनमा रही फोहरको प्रकृती तथा परिणामको आधारमा शुल्क उठाउन सक्ने छ ।

(५) फोहरमैला व्यवस्थापनमा निजी तथा गैर- सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृती दिन सकिने :** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य पूर्वाधार निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा दफा २५ मा उल्लेख गरिए अनुसार र अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालनका लागि महानगरले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका पूर्वाधार निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन महानगरले गर्नेछ ।

(३) यसरी अनुगमन गर्दा तोकिएको मापदण्ड अनुरुप नभए समय अवधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने र तोकिएको समय अवधि भित्र मापदण्डको पालना नगरे त्यस्ता ब्यक्ति, संस्था वा कम्पनीलाई दिएको स्वीकृति महानगरले रद्द गरी धरौटी जफत गर्न सक्नेछ ।

२९. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) महानगरले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापनको कार्य गर्न सक्नेछ ।

## परिच्छेद – ७

## फोहरमैला व्यवस्थापनमा संयुक्त कार्य र बहुपक्षीय लगानी

३०. **सम्झौता वा करार नगरी फोहरमैला व्यवस्थापन गर्न नपाइने :** (१) यो ऐन बमोजिम

महानगरसँग सम्झौता वा करार नगरी महानगर बाहेक अन्य कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाइने छैन ।

(२) यस ऐन लागू हुनु पूर्व महानगरसँग फोहरमैला व्यवस्थापनमा भएका सम्झौताहरु ती सम्झौताहरुमा तोकिएको अवधि भर यसै ऐन बमोजिम गरिएको मानिनेछ।

(३) उपदफा (२) को व्यवस्थाले प्रचलित कानून बमोजिम महानगरको सम्झौता अन्त्य वा संशोधन गर्ने अधिकारलाई प्रतिकुल असर पुर्‍याउने छैन।

(४) पुनः प्रयोग , पुनःचक्रण तथा पुनःउपयोग हुने बस्तुहरुको उद्यम गर्ने व्यवसाय महानगर अन्तर्गत तोकिए बमोजिम दर्ता गरी स्वीकृती लिई सञ्चालन गर्नुपर्नेछ।

३१. **फोहरमैला व्यवस्थापनमा संयुक्त लगानी :**

(१) यस ऐन बमोजिम फोहरमैला संकलन, पृथकीकरण, प्रशोधन, पुनःचक्रण, पुनःउपयोग तथा अन्तिम विसर्जनका लागि महानगरले अन्य स्थानीय, प्रदेश, संघीय सरकारसँग संयुक्त लगानीमा साझा कार्यक्रम गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको संयुक्त लगानीमा गरिने कार्यक्रमको सञ्चालन कार्यविधिमा तो किए बमोजिम हुनेछ।

३२. **निजी कम्पनी वा गैरसरकारी संस्थासँग समन्वय/सम्झौता गरी फोहरमैला व्यवस्थापन गर्न सकिने :** (१) महानगरले आवश्यकता अनुसार निजी कम्पनी वा गैर सरकारी संस्थासँग साझेदारी गरी काम गर्न सक्नेछ। उक्त कार्यको लागि अन्तिम निर्णय गर्ने जिम्मेवारी महानगर को प्रमुख प्रशासकिय अधिकृतको हुनेछ । निजि कम्पनी वा गैर सरकारी संस्थाको चयन गर्दा खुला प्रतिस्पर्धाको आधारमा गरिनेछ र चयन भएकालाई महानगरको फोहरमैला व्यवस्थापनका सबै वा एक वा एकभन्दा बढि कार्य गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ।

(क) फोहरमैला संकलन र वर्गिकरणमा प्रयोग गरिने उपकरण, प्रविधि र केन्द्रको डिजाइन

(ख) फोहरमैलालाई पुनःचक्रण, पुनःउपयोग गरी बस्तु/उर्जा/प्राङ्गारिक मल उत्पादन गर्ने योजना, योजनाको संभाव्यता, आर्थिक तथा प्राविधिक क्षमता, आर्थिक श्रोत र मानव संसाधन।

(ग) फोहरमैलालाई अन्तिम विसर्जन गर्न प्रयोग गरिने उपकरण, प्रबिधि र डिजाइन, उपकरण र प्रबिधिको कार्य अवधि, मर्मत सम्भार सम्बन्धि क्षमता, नियमित अध्यावधिक तथा प्रतिस्थापन गर्ने योजना आदि

(घ) प्रबिधिको अत्याधुनिकता, कार्बन उत्सर्जन तथा अन्य वातावरणीय प्रभावको स्तर ।

(ङ) परियोजनाको लगानी, पूर्ण खर्च, पुनःप्राप्ति योजना र प्रस्तावित सेवा शुल्क दररेट ।

(च) रोजगारी सिर्जनाको स्थिति, व्यवसायिक तथा पेशागत सुरक्षाको उपाय, मानव संशोधन विकासको योजना ।

(छ) महानगरको लागत तथा माग गरिएका अन्य सुविधा।

(ज) महानगरलाई बुझाउन मञ्जुर गरिएको रोयल्टी वा कबूल गरेको रकम।

(३) फोहरमैला व्यवस्थापनको जिम्मा पाएको निजी कम्पनी वा गैरसरकारी संस्थाले महानगरले तोकेको शुल्क सेवाग्राहीबाट उठाउन सक्नेछ।

(४) फोहरमैला ब्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रको संलग्नतासम्बन्धी अन्य ब्यवस्था सम्झौतामा तोकिए बमोजिम हुनेछ।

३३. **निजी कम्पनी वा गैरसरकारी संस्था छनौटका आधार तथा सम्झौता :** (१) महानगरले दफा ३२ बमोजिम फोहरमैला व्यवस्थापनका सबै वा एक वा एकभन्दा बढी कार्यहरु तोकी योजना प्रस्ताव (बोलपत्र) आव्हान गरी सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको प्रस्ताव उपर दफा ३२ को शर्तहरुका आधारमा मूल्यांङ्कन गरी छनौट भएको निजी कम्पनी वा गैरसरकारी संस्थासँग महानगरले सम्झौता वा करार गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्ने संस्थाले सम्झौतामा उल्लेखित शर्त बाहेक फोहरमैला व्यवस्थापन सम्बन्धमा यस ऐनका प्रावधानहरु, वातावरणीय संरक्षण र व्यवसायिक सुरक्षा सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम भएको सम्झौताको अन्त्य उक्त सम्झौतामा उल्लेखित शर्तहरुको आधारमा हुनेछ।

३४. **सहयोग तथा समन्वय :** (१) दफा ३३ बमोजिम सम्झौता गर्ने निजी कम्पनी वा गैर सरकारी संस्थाले फोहरमैला व्यवस्थापनका लागि कुनै जग्गा प्राप्ति, भौतिक संरचना निर्माण, उपकरणहरुको आयात, सुरक्षाको व्यवस्था, सेवाग्राही सँगको समन्वय लगायत अन्य कार्यका लागि प्रचलित कानून बमोजिम महानगरसँग सम्झौता भैसके पश्चात यथासीघ्र स्वीकृति दिने र आवश्यक सहयोगको व्यवस्था मिलाउने छ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्न प्रदेश वा संघीय सरकारको सहयोग वा स्वीकृतिका लागि महानगरले आवश्यक समन्वय गर्नुपर्नेछ।

## परिच्छेद – ८

## फोहरमैला व्यवस्थापन सेवा शुल्क तथा अनुगमन सम्बन्धी व्यवस्था

३५. **सेवा शुल्क उठाउन सक्ने :** (१) महानगरले सेवाग्राहीबाट फोहरमैला व्यवस्थापन गरेबापत शुल्क उठाउन सक्नेछ। सेवा शुल्क निर्धारण गर्दा विपन्न वर्गलाई पूर्ण वा आंशिक छुट दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण गर्दा फोहरमैलाको परिमाण वा तौल तथा

प्रकृति र तोकिएका अन्य आधारमा गरिने छ।

(३) यस दफा बमोजिम निर्धारण गरिएको शुल्क महानगर आफैले वा महानगरले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ३३ बमोजिम फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले महानगरसँग भएको सहमति वा सम्झौताको आधारमा फोहरमैला व्यवस्थापन गरेवापत महानगरले तोके बमोजिमको शुल्क (दररेट) सम्बन्धित व्यवसायी, ब्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

(५) यस दफा बमोजिम निर्धारण गरिएको शुल्क (दररेट) महानगरले तयार गरी जानकारीका निमित्त सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ।

३६. **फोहरमैला व्यवस्थापन सेवाबाट सेवाग्राहिको निलम्बन वा अन्त्य गर्न सक्ने :**

(१) महानगरको दफा ३५ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) फोहरमैला व्यवस्थापन गर्ने दफा ३३ बमोजिम जिम्मेवारी पाएको ब्यक्ति, संस्था वा निकायले सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। सोको जानकारी महानगरलाइ दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफुले उत्पादन गरेको फोहरमैलाको व्यवस्थापन महानगरले तोकेकै स्थानमा लगि सम्बन्धित व्यवसायी, ब्यक्ति, घरधनी, संस्था वा निकाय आफैंले गर्नु पर्नेछ। सेवाग्राहीले दफा ३५ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

३७. **फोहरमैला व्यवस्थापन कोष :** (१) फोहरमैला व्यवस्थापन गर्न, प्रभावित क्षेत्रको वातावरण संरक्षण र सामाजिक विकासमा खर्च गर्नका लागि फोहरमैला व्यवस्थापन कोष रहनेछ। कोषमा देहायका रकमहरु जम्मा गरिने छ।

(क) दफा ३५ वमोजिम प्राप्त हुने शुल्क रकम र रोयल्टी वापतको रकम,

(ख) यस ऐन वमोजिम जरिवाना वापत प्राप्त हुने रकम,

(ग) संघीय वा प्रादेशिक सरकारवाट फोहरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र कम,

(घ) नगर सभाले निर्णय गरी उक्त कोषमा राख्ने रकम,

(ङ) अन्तराष्ट्रिय तथा राष्ट्रिय संघसंस्था वा निकायवाट फोहरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र सहयोग रकम,

(च) अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम,

(२) यस दफा वमोजिम कोषको रकम खर्च गर्दा महानगरले आवश्यक कार्यक्रम बनाई

फोहरमैला व्यवस्थापन कार्यमा खर्च गर्नेछ।

(३) यस कोषको लेखा, खर्च प्रक्रिया र लेखापरीक्षण सम्वन्धी व्यवस्था महानगरको अन्य कोष सरह हुनेछ।

(४) कोषको खाता संचालन तोकिए बमोजिम हुनेछ।

३८. **फोहरमैला व्यवस्थापनको अनुगमन** :

(१) महानगरले फोहरमैला व्यवस्थापन कार्यको नियमित अनुगमन गर्ने वा गराउनेछ। सो कार्यका लागि प्राविधिक सहितको छुट्टै वडा तथा नगरस्तरीय संयन्त्र निर्माण गर्न सक्नेछ। त्यस संयन्त्रले घर, व्यवसायीक क्षेत्र, सरकारी तथा गैह्र सरकारी संस्था, निजी संस्था, उद्योग, कल कारखाना आदिमा फोहर वर्गिकरण, न्युनीकरणका उपाय अवलबम्न गरे नगरेको अनुगमन गर्नेछ।

(२) महानगरले फोहर व्यवस्थापन र विसर्जन कार्यको नियमित अनुगमन गर्न आवश्यक संख्यामा अनुगमन अधिकारी खटाउन सक्नेछ।

(३) उपदफा (२) मा उल्लेखित प्रयोजनको लागि महानगरले आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुगमन गर्न खटिएको अनुगमनकर्ताले अनुगमन पछि त्यसको प्रतिवेदन महानगरमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनमा औल्याइएको बिषयहरुको सुधार र कार्यान्वयनको लागि महानगरले आवश्यक व्यवस्था गर्नेछ।

(६) उपदफा (१) बमोजिम गरिएको अनुगमनले यो ऐन, वातावरण सम्बन्धि प्रचलित कानून, वातावरणीय अध्ययन प्रतिवेदन वा यस ऐन बमोजिम जारी गरिएको इजाजतपत्र वा मापदण्डको पालना नगरेको पाइएमा महानगरले समयसीमा तोकी त्यसको पालनाको लागि आवश्यक व्यवस्था गर्न निर्देशन दिन सक्नेछ।

(७) उपदफा (६) मा उल्लेख गरिएको अवधि भित्र निर्देशनको पालना गरी आवश्यक व्यवस्था नगरेमा महानगरले त्यस्तो व्यक्ति, कम्पनी वा निकायसंग गरेको सम्झौता रद्द गर्न सक्नेछ।

३९. **फोहरमैला व्यवस्थापन स्थल र वरपरको प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था** : (१) महानगरको फोहरमैला व्यवस्थापन स्थल र वरपरको प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको आवधिक गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुरुयोजनामा अन्य कुराको अतिरिक्त निम्न सेवाहरु समावेश गरिनेछ।

(क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण।

(ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन।

(ग) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पिछडिएका विपन्न वर्गको उत्थानका लागी आवश्यक कार्यक्रम।

## परिच्छेद – ९

## फोहरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

४०. **फोहरमैला व्यवस्थापन समितिको गठन :** (१) महानगरको फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र महत्वपुर्ण निर्णयहरु गर्नुपर्ने र अन्य आवश्यक कार्यहरुका लागि महानगरमा एक फोहोरमैला व्यवस्थापन समिति रहनेछ।

(क) प्रमुख -अध्यक्ष

(ख) उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) कार्यपालिका सदस्य मध्येबाट प्रमुखले मनोनति गरेका एक महिला सहित २ जना -सदस्य

(ङ) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक -सदस्य

(च) स्वास्थ्य महाशाखा प्रमुख -सदस्य

(छ) सरसफाई हेर्ने महाशाखा प्रमुख -सदस्य

(ज) उद्योग वाणिज्य संघबाट एक महिला सहित २ जना -सदस्य

(झ) सरसफाई शाखा प्रमुख -सदस्य सचिव

२) फोहरमैला व्यवस्थापनका सम्बन्धमा आवश्यक कार्यहरुका लागि प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा वडाका जनप्रतिनिधिहरु सदस्य र वडा सचिव सदस्य सचिव रहनेगरी  वडा फोहोरमैला व्यवस्थापन समिति गठन गर्न सकिनेछ।

(३) दफा १ र २ वमोजिमको समितिको बठैकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सघंसंस्थाका प्रतिनधिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेखित पदेन बाहेकका मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ पुन मनोनित गर्न बाधा पर्ने छैन।

४१. **फोहरमैला व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार :** (१) महानगरको फोहरमैला व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति नियम, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि महानगर कार्यपालिकाको समिति बैठकमा पेश गर्ने।

(३) फोहरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत

व्यवस्था गर्ने ।

(४) फोहरमैला व्यवस्थापनका लागि महानगरको शुल्क(दररेट) निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी महानगर कार्यपालिकामा पेश गर्ने ।

(५) फोहरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न महानगरको तर्फबाट गर्नुपर्ने लगानी रकमको प्रतिशत निर्धारण गर्ने ।

(६) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने ।

(७) तोकिए बमोजिम अन्य काम गर्ने ।

४२. **फोहरमैला व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था :** (१) महानगरमा फोहरमैला व्यवस्थापन समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक समितिका अध्यक्षले तोके को मिति, समय र स्थानमा बस्नेछ ।

(२) फोहरमैला व्यवस्थापन समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन् । बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – १०

## फोहरमैला व्यवस्थापन तथा अनुगमन समिति सम्बन्धी व्यवस्था

४३. **अनुगमन समितिको गठन :** (१) फोहरमैला व्यवस्थापन सम्बन्धि अनुगमन गर्नको लागि देहाय बमोजिमको समिति गठन गरिने छ ।

(क) उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी एक जना -सदस्य

(ग) वडा अध्यक्षहरुमध्ये प्रमुखले मनोनित गरेको वडाअध्यक्ष १ जना - सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष एक जना -सदस्य

(ङ) प्रशासन महाशाखा प्रमुख - सदस्य

(च) स्वास्थ्य स्वयम्सेवीका मध्येबाट एक जना - सदस्य

(छ) सरसफाई हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

४४. **अनुगमन समितिको काम कर्तब्य र अधिकार :**

(१) महानगरपालिका भित्रको फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

(२) अनुगमन गर्दा महानगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्ने ।

(३) अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन महानगरपालिका समक्ष

दिने ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि महानगर पालिकाले आवश्यक व्यवस्था मिलाउने ।

(५) महानगरपालिकाले यस नियम बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ

(६) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने ।

(७) तोकिए बमोजिम अन्य काम गर्ने ।

४५. **फोहरमैला व्यवस्थापन तथा अनुगमन समितिको बैठक सम्बन्धी ब्यवस्था :** (१) फोहोरमैला व्यवस्थापन तथा अनुगमन समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक समितिका संयोजकको अध्यक्षतामा संयोजकले तोकेको समयमा बस्नेछ ।

## परिच्छेद – ११

## कसूर र दण्ड सजाय

४६. **कसूर :** कोही कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(क) महानगरले तोकि दिएको समय र स्थानमा बाहेक अन्यत्र (सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा) फोहरमैला राख्ने, संकलन गर्ने, फाल्ने वा थुपार्ने,

(ख) श्रोतमै फोहरमैला वर्गीकरण नगरी अन्य फोहरमैलासँग मिसाएर निष्कासन गर्ने,

(ग) झोलिय पदार्थ/तरल फोहरमैला तोकेको स्थान बाहेक अन्य कुनै व्यक्तिको घर, जग्गा वा सार्वजनिक स्थलमा निष्काशन गर्ने,

(घ) फोहरमैला संकलन केन्द्र, डष्टबिन वा फोहरमैला थुपार्ने ठाउँमा कुनै किसिमको रसायनिक तथा हानीकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(ङ) रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्यजन्य फोहरमैला वा हानिकारक फोहरमैला यस ऐनले तोकेको विधि अवलम्बन नगरी फाल्ने वा निष्काशन गर्ने,

(च) फोहरमैला संकलन केन्द्रमा राखिएको डष्टबिन तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने, फोहरमैला व्यवस्थापनमा काम गर्ने कर्मचारी वा व्यक्तिलाई अवरोध सिर्जना गर्ने,

(छ) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने, घेराउ गर्ने,

(ज) डष्टबिन वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(झ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ञ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि गरिएको सम्झौता वा प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उलंघन गर्ने,

(ट) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने संस्था वा व्यक्तिले कार्य बन्द गर्ने वा हडताल/जुलुस गर्ने,

(ठ) फोहरमैला व्यवस्थापन सम्बन्धमा निर्धारण गरेको मापदण्ड उलंघन गर्ने,

(ड) सार्वजनिक स्थलमा कार्यक्रम गरी तत्काल सरसफाई नगरी छाड्ने,

(ढ) सार्वजनिक स्थलमा खुल्ला दिसा पिसाव गर्ने गराउने,

(ण) फोहरमैला व्यवस्थापन गर्न बाधा पुर्‍याउने उद्देश्यले विद्युतिय लगायत अन्य माध्यममा झुट्टा र भ्रामक प्रचार प्रसार गरेमा

४७. **सजायको व्यवस्था :**

दफा ४६ विपरित कार्य गरेमा फोहरमैला हेर्ने सम्बन्धित महाशाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाय गर्नेछ।

(१) दफा ४६ को खण्ड (क), (ख), (ग) (ढ) र (ण) बमोजिम कसुर गर्ने व्यक्ति, निकाय, व्यवसायी प्रतिष्ठान वा कम्पनीलाई पहिलो पटक रु. ५ हजार सम्म, दोस्रो पटक पनि सो ही कसुर गरेमा ५ हजारदेखि १० हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १५ हजारका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा ४६ को खण्ड (घ) बमोजिम कसूर गर्नेलाई १५ हजारदेखि ५० हजारसम्म जरि वाना गर्न सक्नेछ।

(३) दफा ४६ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई १ लाख सम्म जरिवाना गरी, प्रभावित व्यक्तिलाई हुने क्षति बापतको सोधभर्ना रकम भराइदिन सक्नेछ।

(४) दफा ४६ को खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिमको कसूर गर्नेलाई ५ हजार देखि ५० हजारसम्म जरिवाना गर्न सक्नेछ।

(५) दफा ४६ को खण्ड (ट), (ठ), (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई रु. १ लाखसम्म जरिवाना गर्न सक्नेछ।

(७) माथि उल्लेखित कसूर पटक पटक गर्ने व्यक्ति, संस्था वा निकायले बारंबार अपराध गरेमा दोश्रोपटक भए थप १० प्रतिशत तेश्रो पटक भए ३० प्रतिशत चौथो पटक भए ६० प्रतिशत र पाचौं वा सो भन्दा बढि पटक भएमा १०० प्रतिशतका दरले थप सजाय गरिनेछ।

(८) माथि उल्लेखित कसुरको सूचना दिने एवं कसुर नियन्त्रण गर्न सहयोग गर्ने व्यक्तिलाई असुल भएको जरिवानाको १५ प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

४८. **सेवा सुविधा रोक्का गर्न सकिने व्यवस्था :** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्ति वा निकायलाई महानगरले उपलब्ध गराउने सेवा सुविधा तथा निजको नामको घरजग्गा विक्री रोक्का गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ। तर यसरी लेखि पठाउनु अघि सम्बन्धित ब्यक्ति वा निकायलाई सो सम्बन्धमा लिखित जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित वडा कार्यालय/महाशाखा/शाखाको कर्तब्य हुनेछ।

४९. **पुनरावेदन दिन सक्ने व्यवस्था :** दफा ४३ बमोजिम गरेको सजायको आदेश उपर चित्त नवुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र नगर कार्यपालिकामा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद – १२
## विविध

५०. **जग्गा भाडामा लिने वा खरिद गर्ने सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्नका निमित्त महानगरले आफ्नै जग्गा प्रयोग गर्न वा आवश्यकता बमोजिम जग्गा भाडामा लिन वा खरिद गर्न सक्नेछ।

(२) फोहरमैला व्यवस्थापनका निमित्त महानगरको उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि संघीय सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ। संघीय सरकार वा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गरी महानगर लाई उपलब्ध गराउनु पर्नेछ।

(३) महानगरले एक वा सोभन्दा बढी स्थानीय तह सँग संयुक्त रुपमा एकीकृत फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बीच आवश्यक समन्वय लिखित सहमति र सर्तमा फोहर व्यवस्थापन गर्न सक्नेछ।

५१. **सार्वजनिक सडक तथा सम्पदाहरुको सरसफाई :** (१) महानगरले वडा कार्यालयको क्षेत्र भित्र पर्ने सार्वजनिक सडक तथा सम्पदाहरुवाट निस्कने फोहरमैला व्यवस्थापनको लागि छुट्टै व्यवस्था गर्न सक्नेछ ।

५२. **फोहरमैला व्यवस्थापनको लागि श्रोत परिचालन:** (१) महानगरले आफुलाई प्राप्त सम्मान स्वरुपको पुरस्कार, अनुदान, राजश्व बाँडफाड तथा आफनो आन्तरिक आयबाट सरसफाईका क्षेत्रमा न्यायोचित रुपले बजेट विनियाजन गर्नेछ।

(२) महानगरले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रुपमा दफा ३७ मा उल्लेख गरिए अनुसारको छुट्टै कोष सिर्जना गरी श्रोत

परिचालन गर्न सक्नेछ ।

(३) महानगर आफैले वा सार्वजनिक निजी साझेदारी कार्यक्रम मार्फत फोहरमैलाबाट आयआर्जन हुने खालका हरित उद्यम गृह जस्ता परियोजना संचालन गरी फोहरमैला व्यवस्थापन एवं आयआर्जन काम गर्ने ।

५३. **फोहरमैला व्यवस्थापनमा कार्यरत निजी कम्पनी वा गैरसरकारी संस्थाको अभिलेख राख्ने :**

(१) महानगरले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने निजी कम्पनी, सामुदायिक तथा गैर सरकारी संस्थाहरुको अद्यावधिक विवरण राख्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक श्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्नेछ ।

५४. **स्वीकृति लिनुपर्ने :** (१)महानगरमा कुनै विदेशी ब्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पुर्व स्वीकृति लिनु पर्ने भएमा स्वीकृति लिई कार्यक्रम संचालन गरिनेछ ।

५५. **पुरस्कार, सम्मान तथा सिफारिस गर्न सकिने :** (१) महानगरको फोहरमैला ब्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने ब्यक्ति वा संस्थालाई महानगरले सम्मान तथा पुरस्कार दिन एवं फोहरमैला ब्यवस्थापनमा प्रयोग हुने सामाग्री खरिद तथा सो सँग सम्वधित कार्यक्रममा लाग्ने शुल्क तथा करमा छुट तथा सहुलियतको सिफारिस गर्न सक्नेछ ।

५६. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालकिाले आवश्यकता अनुसार नियम बनाइ लागु गर्न सक्नेछ ।

५७. **मापदण्ड, निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने :** (१) यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही नगर कार्यपालिकाले विभिन्न प्रकृतिका फोहरमैला व्यवसस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ ।

५८. **प्रचलित कानून वमोजिम हुने:** (१) फोहोरमैला व्यवस्थापन सम्वन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै वमोजिम र अन्य कुराहरुमा प्रचलित कानून वमोजिम हुनेछ ।

५९. **सम्पत्ति तथा दायित्व महानगरपालिकामा सर्ने :** (१) फोहोरमैला व्यवस्थापन केन्द्र विघटन भएमा त्यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व महानगरपालिकामा सर्नेछ ।

६०. **बचाउ :** (१) यस अघि महानगरपालिकाले फोहरमैलासँग सम्बन्धित रहेर भए गरेका कामकार वाही यसै ऐन अर्न्तगत भए गरेको मानिनेछ ।

**प्रमाणिकरण मिति**

२०८२।१२।२७

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**